# रुन्टिगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# होलेरी (झेनाम),रोल्पा
# ५ नं प्रदेश, नेपाल

## बहुक्षेत्रीय पोषण कार्यक्रम, पोषण स्वयसेवकको कार्य विवरण

**पृष्ठभुमी :**

नेपाल सरकारको मिति २०६९ जेठ ३२ गतेको निर्णय अनुसार बहुक्षेत्रीय पोषण योजना (२०६९-२०७३) पहिलो सम्पन्न भएको छ । हाल दोस्रो चरण (२०७५/०७६-२०७९/८०) कार्यान्वयनमा आएको छ । पोषणका वहुक्षेत्रः स्वास्थ्य, कृषि, पशुपंक्षि, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका र स्थानीय शासनको विषयमा हरेक तहमा एकिकृत रुपमा कार्यक्रम कार्यान्वयन गर्दा कुपोषण घटाउन सकिने मान्यता योजनाले लिएको छ ।

पोषण विशेष, पोषण संबेदनशील र समर्थ बनाउने कार्यक्रमको तयारी र कार्यान्वयनमा स्थानीय तहलाई नेपाल सरकार, युरोपियन युनियन, युनिसेफ तथा अन्य विकास साझेदारहरुको आर्थिक तथा प्राविधिक सहयोग रहेको छ । नेपाल सरकारले स्थानीय तहको अग्रसरता र सहकार्यमा योजना लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न पोषण संवेदनशील सेवाहरुको पहुँच बढाउने, पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरु एकिकृत रुपमा कार्यन्वयन गर्ने, कार्यक्रममा लक्षित समुहको सहभागिता र अधिकारको विषयमा पैरवी गर्ने, पोषणका सवालको संचार गर्ने, स्थानीय समुदायको सहभागितामा पोषण अभियान संचालन गर्ने जस्ता क्रियाकलाप सञ्चालन यस योजना अर्न्तगतका कार्यक्रममा भैरहेका छन् ।

यस कार्यक्रमलाई सामाजिक परिचालनको माध्यमवाट अभियानमुखि बनाउने, लक्षित समुदायको स्वामित्व र सहभागिता बृद्घि गर्ने र कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने जस्ता कार्यहरु गर्न स्थानीय तहमा पोषण स्वमंसेवकको व्यवस्था गरिएको छ । समुदाय संग नजिक रहेर पोषण स्वयंसेवकले गर्ने काम र अभियानलाई व्यवस्थित, प्रभावकारी र कार्य निर्देशित गर्न यो कार्यविवरण (Term of Reference) तयार गरिएको छ ।

**क. उत्तरदायित्व**

- **प्रमुख प्रशासकीय अधिकृतप्रति उत्तरदायी रही** सामाजिक विकास शाखा लगायत सम्बन्धित विषयगत शाखाहरु प्रमुखहरुसंगको समन्वयमा कार्यसम्पादन गर्ने ।

**ख. जिम्मेवारी**

**१. समन्वय र पैरवी**

चिरञ्जीवि जि.एम.
प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय तहको परिसरमा **पोषण नाइलो प्रदर्शन/पोषण कर्नर स्थापना** गरी पोषण सन्देश प्रवाहको सुनिश्चता गर्ने ।
- पोषण युक्त स्थानीय खाद्य **उत्पादन तथा उपभोगका लागि** स्थानीय स्तरमा **पैरवी गर्ने ।**
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगत नगर/गाउँपालिका तथा समुदाय स्तरमा सन्चालन हुने तालिम गोष्ठीमा भाग लिने र तालिम कार्यक्रम संचालन गर्न **आवश्यक सहयोग र सहजीकरण गर्ने ।**
- नगर/गाउँपालिकामा कार्यरत सामाजिक परिचालकहरुसँग समन्वय, सहकार्य गरी **सुनौला हजार दिनका** घरपरिवारको पोषणको अबस्था सुधारको लागि **घर पहिचान गरी घरभेट गरेर पोषण सम्बन्धी सचेतना गराउने लगायतका कार्यहरु गर्ने ।**
- सिघ्र कुपोषण Severe Acute Malnutrition (SAM) र मध्यम कुपोण Moderate Acute Malnutrition (MAM) घरपरिवारका सदस्यहरुलाई स्वास्थ्य संस्थामा जानको लागी परामर्श (counseling) गर्ने ।
- स्वास्थ्य संस्थाहरुमा उपचार गराउन ल्याइएका बच्चाहरुका आमा तथा हेरचाह गर्ने व्यक्तिलाई शिशु तथा बाल्यकालिन पोषण र बहुक्षेत्रीय पोषण योजना अर्न्तगत तोकिएका सेवाहरु सम्बन्धि परामर्श स्वास्थ्य संस्थाहरु मार्फत प्रदान भएको सुनिश्चिताको लागि **स्वास्थ्य संस्थाहरुसंग समन्वय र सहजीकरण गर्ने ।**
- पोषणमैत्री स्थानीय सरकारको प्रतिबद्धता पुरा गर्न पूर्ण पोषण युक्त घर, गाँउ र वार्ड घोषणा अभियानका लागि **सूचकहरु र बिधि एवं प्रक्रियाकाबारे** जानकारी गराउने र **स्थिति पत्र प्रकाशन** गर्ने कार्यको लागि आवश्यक **सुचना तथा तथ्यांक संकलन गर्ने ।**
- पोषणमैत्री अभियानलाई सहयोग पुग्ने पुर्ण साक्षरता, पुर्ण खोप, पुर्ण खुला दिसामुक्त, पुर्ण धुवाँरहित, किशोरीमैत्री सेवा प्रवाह जस्ता स्थानीय तहको अभियान/पहलमा **सहयोगी भूमिका** निर्वाह गर्ने ।
- स्वास्थ,सरसफाई र पोषणसंग सम्बन्धित **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका अवसर तथा दिवसहरु** -जस्तै राष्ट्रिय सरसफाई सप्ताह, विश्व हात धुने दिवस, विश्व वातावरण दिवस, पानी दिवस, विश्व चर्पी दिवस आदि) मनाउन पैरवी तथा सहजीकरण गर्ने ।

**२) योजना तर्जुमा**

- बहुक्षेत्रीय पोषण योजनाका लागि समुदायस्तरमा रहेका लाभान्वित वर्गको पहिचान गरी **सूची तयार गर्ने** र उक्त विवरण बिषयगत शाखामा अभिलेखीकरणको लागि **सहयोग गर्ने ।**
- स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रत्यक्ष सहभागी भई बस्तीस्तरबाट बहुक्षेत्रीय पोषण योजनासँग सम्वन्धित लाभान्वित/लक्षित वर्गको लागि तोकिएका योजना छनौट गर्न **सहजीकरण गर्ने ।**
- बहुक्षेत्रीय पोषण योजनाको वार्षिक कार्यक्रम बनाउँदा सघन कार्यक्रम र संक्षिप्त कार्यक्रम सञ्चालन हुने वडा पहिचान गरी सोही अनुसार कार्यक्रम तयार गर्न **सहजीकरण गर्ने ।**
- बहुक्षेत्रीय पोषण योजनासँग सम्बन्धित योजना तर्जुमा गर्दा योजनासंग सम्बन्धित रहेका क्षेत्रहरु स्वास्थ्य, कृषि, पशुपंक्षि, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका र स्थानीय शासनलाई समेटेर योजना तर्जुमा गर्न **सहजीकरण गर्ने ।**
- वस्तीस्तरबाट छनौट भई आएको पोषणसँग सम्बन्धित योजनाहरुहरुको प्राथमिकीकरण लागि वडासमिति तथा विषयगत समितिहरुमा **पैरवी गर्ने ।**

चिरञ्जीवि जि.एम.
प्रमुख प्रशासकीय अधिकृत

- गर्भवती महिला, हजार दिनका आमा र बालबालिका र किशोरी लक्षित हुने गरी वार्षिक योजना निर्माण गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई **आवश्यकता अनुसार सहजीकरण गर्ने ।**
- नगर/गाउँपालिकाको अल्पकालिन तथा दीर्घकालिन योजना निर्माणको क्रममा पोषण संवेदनसिल र पोषण लक्षित योजना तर्जुमा **सहजीकरण गर्ने ।**

**३) कार्यान्वयन**

- बहुक्षेत्रीय पोषण योजना अर्न्तगत गाउँ/नगर कार्यपालिका तथा बिषयगत शाखाहरुले सञ्चालन गर्ने क्रियाकलापहरुको मासिक तथा चौमासिक रुपमा **कार्य योजना बनाई** सोही अनुरुप कार्यान्वयन लागि **सहयोग, सहजीकरण तथा समुदाय परिचालन गर्ने ।**
- कार्यक्रमसँग सम्बन्धित अन्य अन्तर सम्वन्धित क्रियाकलाप गर्न नगर/गाउँपालिकालाई **सहयोग गर्ने ।**
- समुदाय स्तरमा सञ्चालन गरिने तालिम, गोष्ठि तथा अभियानहरुमा पोषणका बिषयबस्तु, कार्यान्वयन खाका, बिधि, प्रक्रियाको आन्तिरिकिरण गर्न **आवश्यक सूचना प्रबाह गर्ने ।**
- नगर/गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको **बैठकको नियमिताको लागि** आवश्यक **सहयोग र सहजीकरण गर्ने** र वार्ड स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन तथा **नियमित बैठक गर्न सहजीकरण गर्ने ।**
- समुदायमा आधारीत संस्था, स्वास्थ्य संस्था, विद्यालय, गैर सरकारी संस्था, सहकारी संस्था, महिला समूह, युवा, किशोरी समूह तथा अन्य स्थानीय निकायहरुसँग समन्वय गरी उनीहरुको नियमित कार्यक्रमहरुमा पोषण तथा पोषण सुधारका लागि व्यवहार परिवर्तनको विषय समावेश गर्न र पोषणको मुख्य सन्देश प्रवाह गर्न **सहयोग उपलब्ध गराउने ।**
- स्थानीय तहमा सरकारी तथा गैरसरकारी संस्थावाट संचालन हुने पोषण राम्बन्धी कार्यक्रमहरुको मूलप्रवाहीकरणको लागि **सहजीकरण गर्ने ।**
- वार्षिक कार्यक्रम तयारी तथा कार्यान्वयन गर्दा तोकिएको दररेट अनुसार हुने सुनिश्चितताको लागि सहजीकरण गर्ने ।

**४) अनुगमन**

- बहुक्षेत्रीय पोषण योजना अर्न्तगत अनुगमन योजना तयार गरी पोषण तथा खाद्य सुरक्षा सम्बन्धि कार्यक्रम संयोजन गर्ने निर्वाचित कार्यपालिका सदस्य समेतको उपस्थितीमा कार्यक्रमको **अनुगमनमा सहजीकरण गर्ने ।**
- समय समयमा स्थानीय तह, केन्द्र तथा दातृ निकायबाट हुने विभिन्न खालको अनुगमन कार्यमा **सहयोग गर्ने** र सोको **प्रतिवेदन गर्ने ।**

**५) सूचना संकलन, तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन**

- स्वास्थ्य चौकी, महिला स्वास्थ्य स्वयंसेविकासँग समन्वय/सम्पर्क गरी स्वास्थ्य सम्वन्धि तथ्याङ्क लिने तथा पोषण सम्वन्धि तथ्याङ्कहरु **अध्यावधिक गरी दुरुस्त राख्ने ।**
- नगर/गाउँपालिकामा पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको पहिचान र ती संस्थाहरुसंग समन्वय, सहकार्य र अनुगमन व्वस्थित गर्न कार्यक्षेत्र, संचालन गर्ने कार्यक्रम सहितको सर्म्पक विवरण **रजिष्टर खडा गरी व्यवस्थित गर्ने ।**

चिरञ्जीवि जि.एम.
प्रमुख प्रशासकीय अधिकृत

- स्थानीय तहमा पोषण योजनाको क्षेत्रमा भएका क्रियाकलापहरुको रेर्कड व्यबस्थित गर्न पोषण डेस्कको स्थापना गर्न सहयोग गर्ने र पोषण डेक्सको **रेर्कड व्यबस्थित गर्न सहयोग गर्ने ।**
- गाउँ तथा नगर पोषण पार्श्व चित्रतयार तथा अद्यावधिक गर्न आवश्यक **तथ्याङ्क संकलन गर्ने र पार्श्वचित्र बनाउन सहयोग गर्ने ।**
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगत कार्यपालिका तथा विषयगत शाखाहरुवाट भएका कामहरुको साथै योजनासंग सम्बन्धित उपलब्धी/सफलताहरु संकलन तथा अभिलेखिकरण गर्ने ।
- पोषण सम्वन्धि प्रतिवेदनहरु स्थानीय तहमा सुरक्षित रुपमा अभिलेखिकरण गर्न सहयोग गर्ने र अभिलेखीकरण भएको सुनिश्चित गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको तोकिएको ढाँचामा मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयार गरी नगर/गाउँपालिका पेश गर्ने र सो को एक प्रति District Coordinator/MSNP Field Coordinator/MSNP Field Supervisor लाई प्रेशित गर्ने ।
- स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षा सम्बन्धी कार्यक्रमहरुको संयोजन गर्ने कार्यपालिका सदस्यलाई बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयन प्रगति नियमित रुपमा मौखिक तथा लिखित प्रतिवेदन गर्ने ।
- मन्त्रालयले बहुक्षेत्रीय पाषण योजना संग सम्बन्धित प्रतिवेदनहरु माग गरेको अवस्था उपलब्ध गराउने ।
- बहुक्षेत्रीय पोषण योजनाको Online Reporting System (ORS) मार्फत स्वास्थ्य, कृषि, पशुपंक्षी, शिक्षा, खानेपानी तथा सरसफाई, महिला तथा वालवालिका, र स्थानीय शासन जस्ता क्षेत्रमा भएका प्रगति **विवरण प्रविष्ट भएको सुनिश्चित गर्ने ।**
- योजना अन्तरगत भएको खर्च (नेपाल सरकार, स्थानीय तह, युरोपियन युनियन, युनिसेफ) को खर्च विवरण (Statement of Expenditure: SoE) तयार गर्न आवश्यकता अनुसार स्थानीय तहलाई सहयोग गरी सोको **प्रतिवेदन मन्त्रालयमा पेश भएको सुनिश्चित गर्ने ।**

चिरञ्जीवि जि.एम.
प्रमुख प्रशासकीय अधिकृत